मिति : २०८०/३/ २३ गते (शनिबार)      स्थान : पोखरा म.न.पा.को सभाकक्ष
बैठक संख्या : २०      समय : दिनको : ३ : ०० बजे,

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक पोखरा पोखरा महानगरपालिका कार्यालयको सभाकक्षमा तपसिलको बमोजिमा उपस्थितिमा बसि देहायनुसारको निर्णय गरियो।

उपस्थिति :

| सि.नं. | पद | वडा नं. | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ्ग | |
| ३ | सचिव | प्र.प्र.अ. | श्री वीरेन्द्रदेव भारती | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं. १ | श्री शाहारा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं. २ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं. ५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं. ६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं. ७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं. ८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं. ९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं. १० | श्री राजेश गुरुङ्ग | |

| | | | | |
|---|---|---|---|---|
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं. ११ | श्री प्रेम प्रसाद कर्माचार्य | |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं. १२ | श्री सन्तोष बाँस्तोला | |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं. १३ | श्री किरण बराल | |
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं. १४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं. १५ | श्री तोरण बहादुर बाँनिया | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं. १६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं. १७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं. १८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं. १९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं. २० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं. २१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं. २२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं. २३ | श्री रामकाजी गुरुङ्ग | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं. २४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | वडा अध्यक्ष वडा नं. २५ | श्री मोतिलाल तिमिल्सीना | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं. २६ | श्री नरेन्द्र थापा (नरेन) | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं. २७ | श्री पूर्णकुमार गुरुङ्ग | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं. २८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं. २९ | श्री श्रीप्रसाद गुरुङ्ग | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं. ३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं. ३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं. ३२ | श्री अक्कल बहादुर कार्की | |
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोबिन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोखेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |
| ४५ | प्रशासन महाशाखा प्रमुख | | | |
| ४६ | | | | |
| ४७ | | | | |

## कार्यपालिकाको बिसौं बैठकका निर्णयहरु (२०८०/०३/२३)

**निर्णय नं. १.**

गण्डकी बहुप्राविधिक शिक्षालयको भवन वडा नं. २९ निर्माण गर्न पोखरा महानगरपालिका र भूमी ईन्फ्रास्ट्रक्चर प्रा.लि.का वीच. मिति २०७८/९/७ मा मिति १३ मार्च २०२३ भित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा केहि काम गरि लामो समय सम्म सम्पर्क विहिन भएको पटक-पटक सम्पर्क गर्न खोज्दा सम्पर्कमा नआएको हूँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा ७ बमोजिम ठेक्का सम्झौता अन्त्य गर्ने र सोही दफाको उपदफा ८ बमोजिम कारवाही प्रकृया अगाडि वढाउने र उल्लिखित निर्माण व्यवसायी कम्पनीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्ने निर्णय भयो ।

**निर्णय नं. २.**

वडा नं.१६ को श्रवणकुमार ज्येष्ठ नागरिक बहुउद्देश्यिय भवन निर्माण योजनाका लागि रातो किताबमा रकम विनियोजन भई उपभोक्ता समिति मार्फत काम सम्पन्न गरि रकम भुक्तानी भैसके पश्चात पुनः रकम थप विनीयोजन भएकाले पुनः उपभोक्ता समिति मार्फत निर्माण कार्य गर्दा एक आ.व.मा एउटै योजनामा २ (दुई) पटक उपभोक्ता समिति मार्फत कार्य गर्न बाध्यात्मक अवस्था सृजना भएकाले सो योजनामा दोस्रो पटक उपभोक्ता समिति मार्फत सम्पन्न भएकोले जनसहभागिता छुट गरि प्राविधिक मुल्यांकन अनुसारको रकम रु. २४,९८,९६३।७० भुक्तानी दिने व्यवस्था मिलाउने ।

**निर्णय नं. ३.**

वडा नं. २७ को भित्री डाँडाको नाक चन्द्रकालिका बाटो रु. ३७,६६,७८८/५२ लागत अनुमान भै ५०-५० मा काम गर्ने गरि निर्णय भई कार्यान्वयनमा गएकोमा जनसहभागिता जुटाउने क्रममा रु. १८,८३,७३१/- जुटाउनु पर्नेमा रुं १५,८३,७३१/- मात्र सहभागिता जुटेको तर लागत अनुमान बमोजिमको काम सम्पन्न भएकाले नपुग जनसहभागिता बापतको रकम रु. ३,००,०००/- तिनलाख कन्टिजेन्सी रकमबाट भुक्तानी दिने ।

**निर्णय नं. ४.**

यस महानगरपालिकामा सेवा करारमा कार्यरत कर्मचारीहरुको करार अवधि मिति २०८० आषाढ मसान्त सम्म रहेको र ति कर्मचारीको अभावमा महानगरले सम्पादन गर्नु पर्ने काम अवरुद्ध हुने भएको हूँदा त्यस्ता कर्मचारीको सेवा करार सम्झौताको म्याद समाप्त भएको मिति २०८०/०४/०१ बाट छ महिना २०८० पौष मसान्त सम्मका लागि म्याद थप/पुन सेवा करार गर्ने निर्णय भयो ।

**निर्णय नं. ५.**

यस महानगरपालिकाबाट आगामी वर्षहरुमा निर्माण कार्यको व्यवस्थापन गर्न देहायका परियोजनाहरुको विस्तृत डिजाई, परियोजना प्रतिवेदन (DPR) तयार गर्न जिम्मा पाएका देहाय बमोजिमका परामर्शदाता कम्पनीहरुबाट तयार पारिएको परियोजनाको ड्रईङ, डिजाईन, लागत अनुमान लगायतका विषयको प्रस्तुती भएकोमा विभिन्न विषयमा छलफल भयो र Project Report तयार गर्ने परामर्शदाता कम्पनीहरुलाई सम्झौता बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

**देहाय** :

| सि.नं. | परियोजनाको नाम | परामर्शदाताको नाम |
|---|---|---|
| १ | प्रस्तावित महानगरपालिकाको प्रशासकीय भवन, पोखरा-१७ | सार्थक ईन्जिनियरिंग कन्सल्टेन्सी प्रा.लि. |
| २ | विन्ध्यवासिनी बसपार्क स्तरोन्ती वडा नं.-२ | डिजाईन एसोसियट्स नेपाल प्रा. लि. |
| ३ | खाष्टे न्यूरेनी ताल संरक्षण तथा पर्यटन प्रवर्द्धन DPR , पोखरा-२६ र ३० | कर्मा कन्सल्ट प्रा.लि. |
| ४ | गुरु योजना तथा DPR गौशाला निर्माण, वडा नं. १४ | Vumi Engineering Consortium |
| ५ | छटिघाट, दोविल्ला र ड्यामसाईड पार्क गुरुयोजना र DPR निर्माण, | E-Catch Engineering Consultancy Pvt. Ltd. |
| ६ | ढाडाको चौरमा बहुउदेश्यिय भवन तथा पार्क निर्माण DPR तथा माटो परीक्षण, वडा नं. ३३ | Spiral Engineering & Educational Coonsultancy |
| ७ | Designs, Preparation of Conceptual Designs, Detailed Architectural & Engineering Design, Cost Estimate, Design Drawings working Drawings and DPR Preparation of Sky Bridge Viewpoint at Phewa Lake of Pokhara Metropolitan | Delcon International Pvt. Ltd. |
| ८ | Detailed Engineering Design of Siddhartha Chowk Bridgde Line and Srijana Chowk- GaneshmanP Park of Pokhara Metropolitan City | Shobha Engineering Consultancy Pvt. Ltd. |
| ९ | Preparation of Soil Investigation & Detailed Project Report DPR of Pokhara House Building for Pokhara Metropolitan City Office, 9 | Mandala Engineering Counsaltancy Pvt. Ltd. |

**निर्णय नं. ६.**

पोखरा महानगरपालिकामा समाहित भएका साविकका गा.वि.स./न.पा./उप म. न. पा. बाट सार्वजनिक, पर्ती, बुटेन, जनिएका सरकारी जग्गा व्यक्ति/संघ संस्थालाई भाडामा लगाउने, अस्थायी घडेरीका रुपमा बसोबास/ब्यापार व्यवसाय गर्नका लागि उपलब्ध गराउने जस्ता काम कारवाही भएको पाइएकाले त्यस्ता प्रकृतिका सरकारी जग्गा बाट कुनै प्रकारको राजश्व असूल नगर्ने, कागजात नविकरण नगर्ने, गरिएका निर्णय र उपलब्ध गराईएका प्रमाण आजकै मितिबाट बदर गर्ने निर्णय गरियो । साथै उक्त जग्गाहरु सार्वजनिक प्रयोगमा ल्याउन आवश्यक प्रक्रिया अगाडी बढाउन प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७.**

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नगर प्रमुखले सम्पादन गर्ने कामकारवाहीका विषयमा न्यायीक समितिको नियमित कार्यतालिका बाह्केको दिनमा प्रमुखको उपस्थितीमा ईजलास बसी सुनुवाई हुने व्यवस्था मिलाउने ।

**निर्णय नं. ८.**

एशियन विकास बैंक (ADB) सहयोगमा निर्माण हुने विभिन्न परियोजनाहरुको लागि उक्त बैंकबाट महानगरपालिकाले गर्नु पर्ने आन्तिरक व्यवस्थापन सुधार (लेखा प्रणली, आय व्यय बजेट, राजश्व संकलन, आन्तरिक तथा बाह्य लेखापरीक्षण, खरिद तालिका र वित्त व्यवस्थापन कार्यविधि) का विषयमा उक्त बैक र महानगर कर्मचारीबाट संयुक्त रुपमा तयार भएको प्रतिवेदन अनुसारको प्रकृया अवलम्वन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९.**

यस महानगरपालिका क्षेत्र भित्रका खोला र नदीमा संकलन हुने नदी जन्य सामाग्री उत्खन्न, संकलन तथा निकासीका लागि चालु आ.व.को सुरुमा परमर्शदाता कम्पनीबाट तयार भई कायृपालिकाबाट स्वीकृत भएको प्रारंम्भिक वातावरणिय परीक्षण प्रतिवेदन (IEE) प्रतिवेदनमा उल्लेखित परिमाणका सम्वन्धमा उप-प्रमुख, महानगरका प्राविधिक कर्मचारी र सोही कम्पनीका प्राविधिकहरुबाट स्थलगत निरीक्षण गरि प्राप्त भएको परिमार्जित परिमाण अनुसारको प्रतिवेदन स्वीकृत गर्ने र सोही अनुसार ई-विडिङ्ग ठेक्का प्रकृया अगाडि वढाउने निर्णय भयो । परिमार्जित परिमाण अनुसूची-१ मा संलग्न छ ।

**निर्णय नं. १०.**

यस महानगरपालिकामा विगतमा स्वास्थ्य मन्त्रालयबाट दरबन्दी भन्दा बढी कर्मचारी कामकाजको लागि खटीई आएकोमा साविकका स्थायी निजामती कर्मचारी रहेका ति कर्मचारीहरुले पाउने तलव भत्ता लगायत अन्य सुविधा नेपाल सरकारबाट शशर्त अनुदानको रुपमा प्राप्त हुनु पर्नेमा २०७४ मा महानगरपालिका गठन हुँदा

स्वीकृत भएको स्वास्थ्य महाशाखाको दरबन्दी भन्दा बढी कर्मचारीहरुको तलब भत्ता लगायतको रकम आगामी आ.व. २०८०/०८१ देखि निकासा उपलब्ध नहुने भएकाले विगतमा जुन कार्यालयबाट कामकाजको लागि खटि आएको हो सोही कार्यालयमा मिति २०८०/०४/०१ गते नै फिर्ता गरि जानकारी दिने भन्ने स्वास्थ्य मन्त्रालयबाट जानकारी आएकाले यस महानगरपालिकामा दरबन्दी भन्दा बढी कामकाजको लागि आएका स्वास्थ्य तर्फका कर्मचारीलाई सोही स्थानमा फिर्ता गर्ने ।

**निर्णय नं. ११.**

उपभोक्ताले स्वच्छ र शुद्ध उपभोग्य बस्तु उपभोग गर्न पाउने उपभोक्ताको अधिकारलाई सुनिश्चित गर्न र यस महानगरपालिकाको कार्यक्षेत्र भित्र पर्ने बजारमा बेचविखन हुने सबै किसिमका खाद्य बस्तुको समय समयमा गुणस्तर मापन गर्न आवश्यक भएकाले खाद्य प्राविधिक कर्मचारीको आवश्यक भएकाले प्रस्तावित स्वीकृत दरबन्दी अनुसार रिक्त रहेको खाद्य तथा गुणस्तर अधिकृत (अधिकृत सातौं तह) १ जना, कृषि तथा पशु सेवा महाशाखा शशर्त कार्यक्रम तर्फको पशु चिकित्सक अधिकृत सातौं तह १ जना, र Clean Pokhara - Green Pokhara कार्यक्रमको लागि बन तथा वातावरण अधिकृत अधिकृत सातौं तह १ जना सेवा करारमा लिन आवश्यक प्रक्रिया अघि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने ।

**निर्णय नं. १२.**

यस महानगरपालिकामा मिति २०६४ साल पछि विभिन्न कार्यक्रम (निश्चित समयको लागि अभियानको रुपमा कार्यान्वयन भै समाप्त भएको तर कार्यबोझको कारण सेवा करारमा कामकाज गर्दै आएका) को लागि सोही कार्यक्रम अनुसार मिल्दो पदनाम राखी पटक पटक सेवा करार सम्झौता हुँदै कामकाज गर्दै आएको तर निजहरुको सेवा करार सम्झौता पत्रमा उल्लेखित पदनाम र निजहरुले करारमा उल्लिखित शर्त अनुसार सम्पादन गर्ने काम फरक पर्न गै परीक्षणको क्रममा कानुनी जटिलता आउन सक्ने हुँदा निजहरुलाई साविकमा पाईरहेको सेवा सुविधा पाउने गरी कामकाज सँग मिल्दो र प्रचलित कानुनमा प्रयोग भएको पदनाम कायम गरि सेवा करार गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. १३.**

पोखरा महानगरपालिका अन्तर्गतका यस आ.व.मा ४ वटा नयाँ थप भएका स्वास्थ्य संस्थाहरु सहित स्वास्थ्य संस्थाहरुको संख्या ५० स्वास्थ्य संस्थाहरु मार्फत प्रभावकारी रुपमा स्वास्थ्य सेवा प्रदान गर्न बजेटमा भएको सिमितताका कारण स्वास्थ्य संस्थाहरुबाट माग भएको अनुपातमा औषधिको आपूर्ति कम हुने गरेको, स्वास्थ्य संस्थाहरुमा बिरामी तथा सेवाग्राहीको चाप समेत बढ्दो रुपमा रहेका कारण औषधि खपतमा वृद्धि भएको, मौज्दातमा रहेका औषधिहरु मध्येबाट स्वास्थ्य संस्थाहरुमा वितरण भई कार्यालयमा स्वीकृत मौज्दातको अनुपातमा स्टक न्यून रहेको कारण स्वास्थ्य संस्थामा माग भए बमोजिम सहज रुपमा औषधि आपूर्ति गर्न साथै आगामी बर्षका लागि हुने खरिद व्यवस्थापन सम्मको लागि Lead Time व्यवस्थापनको लागि समेत बजार खरिद मार्फत औषधि सामाग्रीहरु व्यवस्थापन हुन आवश्यक भएको बोलपत्र गर्दा लामो समय लाग्ने भएको तर तुरुन्त औषधिको आवश्यकता भएकाले मिति २०७९।०८।१८ भएको टेन्डरबाट स्वीकृत मूल्यमा ( जुन मुल्य MRP भन्दा अत्यन्त कम रहेको छ) सोही दररेटमा श्री चिराग फार्मेसी प्रा.लि. पोखरा-११, सँग पुनः औषधी खरिद भएको निर्णय अनुमोदन गर्ने निर्णय भयो ।

# पोखरा महानगरपालिकाको घाटको नदीजन्य सामानको पुनरावलोकन परिमाण विवरण

| सिनं. | नाम | 079/80 को कूल परिमाण | 079/80 मा ठेक्का लगाउने परिमाण | 2080/81 को लागि प्रस्तावित कूल | 0280/81 मा ठेक्का लगाउन प्रस्तावित | मर्ज गरि ठेक्का लगाउन सकिने घाट |
|---|---|---|---|---|---|---|
| १ | गढी घाट | 11232 | 5616 | 42800 | 21400 | 21400 |
| २ | मुसेटूंडा सैनिक घाट | 9827 | 4913 | 29481 | 14740 | |
| ३ | पशुपति घुमाउरे | 21902 | 10951 | 40000 | 24000 | 38740 |
| ४ | पशुपति घाट बाया | 4309 | 2154 | 7000 | 3500 | 3500 |
| ५ | सिसौघारी | 6720 | 3360 | 6720 | 3360 | 3360 |
| ६ | चमेरे घाट दाया | 26992 | 13496 | 40000 | 20000 | |
| ७ | मोरे खहरे | 2815 | 1407 | 2815 | 1407 | 21407 |
| ८ | द्वार कस्यार | 9336 | 4668 | 28008 | 14004 | |
| ९ | गाउँखर्क ओखलढुंगा | 10251 | 5125 | 10251 | 6151 | |
| १० | भेडिफारम | 7920 | 3960 | 9000 | 5400 | 25555 |
| ११ | रातोपैरो खोरी बाया | 825 | 825 | 8400 | 5040 | |
| १२ | पुडि माथिल्लो घाट | 34043 | 17021 | 34043 | 17025 | |
| १३ | पुडि तल्लो | 1000 | 500 | 1000 | 500 | 22565 |
| १४ | तल्लो खेत वीच भाग | 8725 | 4362 | 8725 | 5235 | 5235 |
| १५ | नारायणस्थान | 6054 | 3027 | 9000 | 4500 | 4500 |
| १६ | राम घाट | 165600 | 82800 | 165600 | 82800 | 82800 |
| १७ | याम्दी | 8250 | 4125 | 9000 | 4500 | 4500 |
| १८ | सुइखेतखोला | 16960 | 8480 | 16960 | 16960 | 16960 |
| १९ | लालटिन बजार | 7188 | 7188 | 14600 | 11680 | 11680 |
| २० | गोस्ते लामाचौर | 1310 | 655 | 3000 | 2100 | |
| २१ | तल्लो गोस्ते बाया | 6275 | 6275 | 18825 | 13178 | |
| २२ | गजरे घाट | 7932 | 7932 | 20000 | 12000 | 27278 |
| २३ | तुलसीतारा | 6050 | 3025 | 11000 | 6600 | 6600 |
| २४ | दशखेत | 5250 | 5250 | 9000 | 7200 | 7200 |
| २५ | रुद्रमहादेव | 5330 | 5330 | 14000 | 8400 | 8400 |
| २६ | पुरुन्चौर ढोडेनी | 4875 | 2437 | 9500 | 5700 | 5700 |
| २७ | सहश्रधारा | 6760 | 6760 | 15000 | 10500 | 10500 |
| २८ | पुरुन्चौर नयाँ घाट | 2990 | 1495 | 2990 | 1500 | 1500 |
| २९ | ढाव घाट | 4125 | 4125 | 12375 | 8663 | 8663 |
| ३० | विजयपुर खोला | 15795 | 7897 | 18000 | 9000 | 9000 |
| ३१ | काहुखोला | 10640 | 5320 | 10640 | 10640 | 10640 |
| ३२ | लामगादी | 25956 | 12978 | 32000 | 16000 | 16000 |
| ३३ | मर्दि लस्ति दोभान | 5000 | 2500 | 5000 | 2500 | 2500 |
| | जम्मा | 468237 | 255957 | 664733 | 376183 | 376183 |